# मिएटल स्टेनोसिस भनेको के हो?

मिएटल स्टेनोसिस भनेको पिसाब नलीको बाहिर निस्किने भाग (मिएटल) असामान्य तरिकाले साँघुरो हुनु हो। यदि बाहिर निस्किने भाग धेरै साँघुरो हुन्छ भने ब्लाडरबाट पिसाब निस्किन समस्या हुनेछ र ब्लाडर पूर्ण रुपमा खाली नहुने हुन सक्छ। यदि उपचार गरिएन भने, यसले पिसाब नलीको संक्रमण र मृगौलाको समस्या निम्त्याउन सक्छ।

मिएटल स्टेनोसिस खतना (लिङ्गको टुप्पो काट्ने)को सामान्य जटिलता हो जुन मिएटलमा पिसाबको नराम्रो असरको दीर्घकालिन एक्सपोजरको कारणले साथै डायपर वा कपडामा मिएटल रगडीएर हुन्छ।

## मिएटल स्टेनोसिसका सङ्केत र लक्षणहरू के-के हुन्?

केटाकेटीमा निम्न लक्षणहरू हुन सक्छन्:

- पिसाब फेर्न समस्या हुने
- बेला बेलामा पिसाब फेर्ने
- लामो समयसम्म पिसाब लाग्ने
- पिसाबको पातलो धारा
- सुरु गर्न कठिनाइ र पिसाबको प्रवाह राखिराख्न कठिनाइ
- ट्वाइलेटमा पिसाबको धारा पुर्याउन कठिनाइ
- पिसाब एकै धारामा नबगेर स्प्रे हुने
- पिसाब फेर्दा ढाड मर्किने वा कुप्री पर्ने

केही केटाकेटीहरूको पिसाबमा माइक्रोस्कपिक रगत हुन सक्छ वा पिसाब फेर्दा पीडा हुन सक्छ।

## मिएटल स्टेनोसिसको उपचार कसरी गरिन्छ?

यो समस्या मिएटोप्लास्टी भनिने सर्जरीले उपचार गरिन्छ। मिएटसको तल चिरा परिन्छ त्यसलाई खोल्न र फराकिलो पार्न। सामान्य एनेस्थेसिया प्रयोग गरेर सर्जरी अपरेशन गर्ने कोठामा गरिन्छ तर अफिसमा लोकल एनेस्थेसिया प्रयोग गरेर पनि गर्न सकिन्छ।

यदि अपरेशन कोठामा गरिन्छ भने, मिएटसमा चिरा पारिन्छ र पग्लिने टाँकाहरू मिएटस वरपर लगाइन्छ। यदि अफिसमा गरिन्छ भने, मिएटसमा सानो चिरा पारिन्छ तर टाँकाहरू लगाइदैन।

यदि साँघुरो निस्किने भाग ठिक गरिँदैन् भने, पिसाब फेर्न कठिन हुन सक्छ र पिसाब नलीको संक्रमण र सुन्निने मृगौला हुन सक्छ।

## सर्जरीपछि के हुन्छ?

मिएटोप्लास्टीपछि जागेको बेला प्रत्येक 2 घण्टामा टाँकाहरूमा (छन् भने) ट्रिपल एन्टिबायोटिक मलम लगाउनुहोस्। तपाईंले मिएटल हेरचाह पनि गर्नुपर्ने हुन सक्छ, दिनमा कयौं पटक खुल्ने भागमा मलम लगाएर।

पहिलो 24 घण्टाको लागि तपाईंको बच्चाले पिसाब फेर्दा घोचेर हुने किसिमको दुखाइ हुन सक्छ। सामान्यतया, उनीहरू धेरै असहज नहुँदासम्म अर्को दिनदेखि स्कुल जान सक्छन्।

त्यस्तो प्रकारको दुखाइ कम गर्न आफ्नो बच्चालाई दिनभरि प्रत्येक केही घण्टामा पानी र पेय पदार्थ पिउन प्रोत्साहन गर्नुहोस्। पिसाब जति पातलो भयो, दुखाइ त्यति कम हुन्छ। सिट्रस जुस र सोडायुक्त पेय पदार्थ नदिनुहोस्।

यदि तपाईंको बच्चा पिसाब फेर्न असमर्थ हुन्छ वा सर्जरीपछि पिसाबको धारा पातलो हुन्छ वा टुक्रिन्छ भने आफ्नो डाक्टरलाई कल गर्नुहोस्।

Last Updated: 09/2025 per Katie Potts, RN